नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

चिकित्सा शिक्षा DM/MCh/NBMS-SS का शैक्षिक कार्यक्रमहरूको एकीकृत प्रवेश परीक्षाको आवेदन फाराम भर्ने सूचना

सूचना प्रकाशन मिति :- २०७९/०५/१६

चिकित्सा शिक्षा DM/MCh/NBMS-SS का विभिन्न शैक्षिक कार्यक्रमहरूमा यस शैक्षिक सत्रको भर्नाका लागि विद्यार्थी छनौट गर्न सञ्चालन गरिने एकीकृत प्रवेश परीक्षामा सहभागी हुन योग्यता पुगेका इच्छुक उम्मेदवारहरूले मिति २०७९ भदौ १७ गते बिहान १०:०० बजेदेखि २०७९ भदौ ३१ गते अपरान्ह ५:०० बजेसम्म आयोगको वेबपोर्टल https://entrance.mec.gov.np:81/ मार्फत अनलाइन आवेदन फाराम पेश (online application form submission) गर्न आह्वान गरिएको छ ।

१. कार्यक्रमको समूह र न्यूनतम योग्यता

S.N.	Program	Minimum Qualification
1	DM (Medical Specialties)[1]	– MD Internal Medicine or equivalent and – Specialty Registration in Nepal Medical Council[2]
2	DM Critical Care Medicine[1]	– MD Anesthesiology or equivalent or MD Internal Medicine or equivalent or MD Critical Care Medicine and – Specialty Registration in Nepal Medical Council[2]
3	DM Emergency Medicine[1]	– MD in General Practice and Emergency Medicine or equivalent or MD Emergency Medicine and – Specialty Registration in Nepal Medical Council[2]
4	DM Neonatology[1]	– MD Pediatrics or equivalent or MD Neonatology and – Specialty Registration in Nepal Medical Council[2]
5	MCh (Surgical Specialties)[1]	– MS General Surgery or equivalent and – Specialty Registration in Nepal Medical Council[2]

[1] Specialty विषयमा MD (जस्तै:- MD Cardiology, MD Nephrology आदि) र MS (जस्तै: MS Urology, MS Neurosurgery आदि) गरेका उम्मेदवारहरू सम्बन्धित विषयको DM/MCh/NBMS-SS शैक्षिक कार्यक्रमका लागिमात्र फाराम भर्न योग्य हुनेछन् ।

[2] नेपाली आवेदकको हकमा मात्र "Specialty Registration in Nepal Medical Council" को प्रावधान लागू हुनेछ तर विदेशी आवेदकको हकमा भने सम्बन्धित देशको मेडिकल काउन्सिलमा विशेषज्ञता दर्ता गरेको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)
नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

२. **DM, MCh र NBMS-SS 2022 का लागि निर्धारित सिट**

(A). DM/MCh

College/Program	Seats			
	Total	Open	Govt.	Foreign
A. DM Cardiology				
1. BPKIHS Dharan	2	1	1	-
2. CMC Chitawan	1	1	-	-
3. CoMS Chitawan	1	1	-	-
4. KUSMS Dhulikhel	2	1	-	1
5. Manipal MC Pokhara	1	1	-	-
6. MMC Maharajgunj	3	1	2	-
7. NAMS Kathmandu	3	1	2	-
8. NMC Birgunj	1	1	-	-
9. Nobel MC Biratnagar	2	1	-	1
Total	**16**	**9**	**5**	**2**
B. DM Critical Care Medicine				
1. CMC Chitawan	1	1	-	-
2. CoMS Chitawan	1	1	-	-
3. KMC Kathmandu	2	1	-	1
4. MMC Maharajgunj	2	1	1	-
5. NMC Jorpati	1	1	-	-
6. UCMS Bhairahawa	1	1	-	-
Total	**8**	**6**	**1**	**1**
C. DM Emergency Medicine				
1. CMC Chitawan	1	1	-	-
2. MMC Maharajgunj	1	-	1	-
Total	**2**	**1**	**1**	**-**
D. DM Endocrinology				
1. CMC Chitawan	1	1	-	-
2. NAMS Kathmandu	1	-	1	-
Total	**2**	**1**	**1**	**-**
E. DM Hepatology				
1. NAMS Kathmandu	2	1	1	-
Total	**2**	**1**	**1**	**-**

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

पत्र संख्या :-
चलानी नं. :-

College/Program	Seats			
	Total	Open	Govt.	Foreign
F. DM Medical Gastroenterology				
1. BPKIHS Dharan	1	1	-	-
2. CMC Chitawan	1	1	-	-
3. CoMS Chitawan	1	-	-	1
4. MMC Maharajgunj	1	1	-	-
5. NAMS Kathmandu	3	1	2	-
Total	**7**	**4**	**2**	**1**
G. DM Medical Haematology				
1. NAMS Kathmandu	2	1	1	-
Total	**2**	**1**	**1**	-
H. DM Medical Oncology				
1. NAMS Kathmandu	2	1	1	-
Total	**2**	**1**	**1**	-
I. DM Neonatology				
1. BPKIHS Dharan	1	-	1	-
2. KMC Kathmandu	1	1	-	-
3. KUSMS Dhulikhel	1	1	-	-
4. Nobel MC Biratnagar	1	1	-	-
Total	**4**	**3**	**1**	-
J. DM Nephrology				-
1. CoMS Chitawan	1	1	-	-
2. KMC Kathmandu	1	1	-	-
3. MMC Maharajgunj	2	-	2	-
4. NAMS Kathmandu	2	-	2	-
5. NMC Jorpati	1	1	-	-
6. Nobel MC Biratnagar	1	1	-	-
Total	**8**	**4**	**4**	-
K. DM Neurology				
1. CoMS Chitawan	1	1	-	-
2. MMC Maharajgunj	2	1	1	-
3. Nobel MC Biratnagar	1	1	-	-
Total	**4**	**3**	**1**	-

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)
नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

College/Program	Seats			
	Total	Open	Govt.	Foreign
L. DM Pulmonology				
1. BPKIHS Dharan	2	1	1	-
2. CMC Chitawan	1	1	-	-
3. KMC Kathmandu	1	1	-	-
4. NAMS Kathmandu	2	1	-	1
5. Nobel MC Biratnagar	1	1	-	-
Total	**7**	**5**	**1**	**1**
M. MCh Cardio Thoracic and Vascular Surgery				
1. BPKIHS Dharan	1	-	-	1
2. MMC Maharajgunj	3	2	1	-
3. NAMS Kathmandu	2	1	1	-
4. Nobel MC Biratnagar	1	1	-	-
Total	**7**	**4**	**2**	**1**
N. MCh GI Surgery				
1. BPKIHS Dharan	1	1	-	-
2. CMC Chitawan	1	1	-	-
3. CoMS Chitawan	1	1	-	-
4. KMC Kathmandu	1	1	-	-
5. KUSMS Dhulikhel	1	1	-	-
6. MMC Maharajgunj	3	1	1	1
7. NAMS Kathmandu	2	1	1	-
8. NMC Jorpati	1	1	-	-
Total	**11**	**8**	**2**	**1**
O. MCh Neurosurgery				
1. CMC Chitawan	1	-	-	1
2. CoMS Chitawan	1	1	-	-
3. KMC Kathmandu	2	2	-	-
4. Manipal MC Pokhara	1	1	-	-
5. MMC Maharajgunj	2	1	1	-
6. NAMS Kathmandu	2	1	1	-
7. Nobel MC Biratnagar	1	1	-	-
Total	**10**	**7**	**2**	**1**

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)
नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

College/Program	Seats			
	Total	Open	Govt.	Foreign
P. MCh Pediatric Surgery				
1. NAMS Kathmandu	1	-	1	-
Total	**1**	**-**	**1**	**-**
Q. MCh Plastic Surgery				
1. MMC Maharajgunj	2	1	1	-
2. NAMS Kathmandu	3	1	1	1
Total	**5**	**2**	**2**	**1**
R. MCh Urology				
1. CMC Chitawan	1	1	-	-
2. CoMS Chitawan	1	1	-	-
3. KMC Kathmandu	1	1	-	-
4. KUSMS Dhulikhel	1	1	-	-
5. MMC Maharajgunj	3	1	2	-
6. NAMS Kathmandu	3	1	2	-
7. NMC Jorpati	1	-	-	1
Total	**11**	**6**	**4**	**1**

(B). NBMS-SS Programs

Institutions	Programs	Seats
1. Upendra Devkota Memorial National Institute of Neurological & Allied Sciences, Kathmandu	Neurosurgery	1
2. Nepal Medicity Hospital, Bhaisepati, Lalitpur	GI Surgery	1
	Urology	1
3. Hospital for Advanced Medicine & Surgery (HAMS), Kathmandu	Critical Care Medicine	1
	Cardiology	1
4. BP Koirala Memorial Cancer Hospital, Bharatpur, Chitawan	Surgical Oncology (Genito Urinary)	1
	Surgical Oncology (Thoracic)	1
5. Grande International Hospital, Dhapasi, Kathmandu	Critical Care Medicine	1
Total		**8**

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)
नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

३. अनलाइन आवेदन फाराम पेश गर्ने सम्बन्धी विवरणहरू

आवेदन शुल्क	नेपाली आवेदकका लागि रु. ५,०००/- विदेशी आवेदकका लागि रु. ८,०००/- वा सो बराबरको रकम (नेपाल बाहिरबाट रकम जम्मा गर्दा तोकिएको शुल्क निर्धारित समयभित्र आयोगको बैङ्क खातामा जम्मा भएको हुनुपर्नेछ)
दाखिला गर्ने बैङ्क	हिमालयन बैङ्क लिमिटेड Himalayan Bank Limited
नगदै शुल्क जम्मा गर्नका लागि खाता नम्बर	०४३०८९३१६७००१७ (04308931670017) Swift Code: HIMANPKA
अनलाइन माध्यमबाट शुल्क जम्मा गर्न सकिने सेवा प्रदायकहरू	हिमालयन बैङ्ककका शाखाहरू, मोबाइल बैंकिङ (Hi-MB), cell Pay, ConnectIPS, eSewa, Khalti, PrabhuPAY, IME Pay, QPay Nepal, Visa Master Card, American Express and UnionPay International
खातावालाको नाम	चिकित्सा शिक्षा आयोग, सानोठिमी Medical Education Commission, Sanothimi
बैङ्क दाखिला गर्ने अन्तिम मिति	**२०७९ भदौ २९ गते बैङ्क समयभित्र**
फाराम पेश गर्ने अन्तिम मिति	२०७९ भदौ ३१ गते अपरान्ह ५:०० बजेसम्म

४. विदेशी विद्यार्थीको आवेदन

(१) विदेशी विद्यार्थीका लागि छुट्याइएको सिटमा अध्ययन गर्न इच्छुक विदेशी उम्मेदवारहरूले समेत यसै सूचनामा उल्लिखित समयसिमाभित्र आयोगद्वारा सञ्चालित प्रवेश परीक्षामा सहभागी हुन आफूले रोजेको शैक्षिक कार्यक्रम उल्लेख गरी अनलाइन आवेदन फाराम अनिवार्य रूपले भर्नुपर्नेछ ।

(२) विदेशी विद्यार्थीका लागि अङ्ग्रेजी भाषामा आयोगको वेबसाइटमा अलग्गै विस्तृत सूचना प्रकाशित गरिएकोछ ।

५. प्रवेश परीक्षाको मोडालिटी, समय, पूर्णाङ्क र उत्तीर्णाङ्क

(१) प्रवेश परीक्षा कम्प्युटर प्रणालीमा आधारित हुनेछ ।

(२) परीक्षा समयावधि तीन घण्टा र पूर्णाङ्क २०० हुनेछ ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

(३) उत्तीर्ण हुनका लागि न्यूनतम ५० औं पर्सेन्टाइल वा सोभन्दा माथि रहेको हुनुपर्ने छ ।

(४) प्रत्येक सही उत्तरका लागि एक अङ्क प्राप्त हुनेछ र प्रत्येक गलत उत्तरका लागि ०.२५ का दरले अङ्क घटाइने छ ।

(५) बुँदा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपलब्ध सिट सङ्ख्याको दोब्बरभन्दा कम परीक्षार्थी उत्तीर्ण हुने अवस्थामा उक्त शैक्षिक कार्यक्रमका लागि ५० प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई योग्यताक्रममा सामेल गर्न बाधा पर्ने छैन ।

६. परीक्षा मिति र केन्द्र

(१) परीक्षा सञ्चालन मिति :- २०७९/०६/०९ गते । (परीक्षा सञ्चालन समय प्रवेशपत्रमा उल्लेख गरिनेछ।)

(२) परीक्षा केन्द्र :- सूचना तथा संचार प्रविधि केन्द्र, इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोक, ललितपुर ।

७. अनलाइन फाराम भर्न चाहिने आवश्यक प्रमाणपत्र र कागजातको तयारी

देहायका प्रमाणपत्र/कागजातहरूको सक्कल प्रतिको स्क्यान/फोटो पेश गर्नुपर्नेछ । फोटोकपीको स्क्यानप्रति/फोटोलाई मान्यता दिइने छैन ।

(१) आवेदन शुल्क बुझाएको भौचरको कारोबार नम्बर (transaction number - TRN) को अन्तिम छ ओटा डिजिट (last six digits) ।

(२) प्रवेश परीक्षाका लागि आवेदन शुल्क तिरेको बैङ्क भौचरको स्क्यान प्रति/फोटो ।

(३) उम्मेदवारको हालसालै खिचिएको पासपोर्ट साइजको फोटोको डिजिटलप्रति ।

(४) नेपाली उम्मेदवारको हकमा नागरिकताको प्रमाणपत्र तथा विदेशी उम्मेदवारको हकमा राहदानीको स्क्यानप्रति/फोटो ।

(५) नेपाली आवेदकको हकमा स्वदेशमा अध्ययन गरेको भए स्नातकोत्तर तहको ट्रान्सक्रिप्ट र प्रमाणपत्र तथा विदेशी बोर्ड/विश्वविद्यालयमा अध्ययन गरेको भएमा ट्रान्सक्रिप्ट, प्रमाणपत्र र समकक्षता प्रमाणपत्रको स्क्यानप्रति/फोटो । विदेशी आवेदकको हकमा ट्रान्सक्रिप्ट र प्रमाणपत्रको स्क्यानप्रति/फोटो ।

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

(६) नेपाली आवेदकको हकमा नेपाल मेडिकल काउन्सिलबाट जारी गरिएको **विशेषज्ञताको प्रमाणपत्र**को स्क्यानप्रति/फोटो र विदेशी आवेदकको हकमा सम्बन्धित देशको मेडिकल काउन्सिलबाट जारी गरिएको विशेषज्ञताको प्रमाणपत्रको स्क्यानप्रति/फोटो ।

(७) सरकारी समूह तर्फ आवेदन गर्ने उम्मेदवारहरूले सेवा सञ्चालन गर्ने नेपाल सरकारको मन्त्रालयबाट प्रदान गरिएको अध्ययन अनुमति-पत्र/पूर्वस्वीकृती पत्रको स्क्यानप्रति/फोटो ।

(८) नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त गरी स्नातकोत्तर तह अध्ययन गरेका उम्मेदवारको हकमा कबुलियतनामामा तोकिएबमोजिको सेवाशर्त पूरा गरेको प्रमाणित कागजातको स्क्यानप्रति/फोटो ।

(९) फोटो तथा अन्य आवश्यक कागजात (document) को साइज र गुणस्तर देहायबमोजिम हुनुपर्नेछ ।

<u>आवेदकको फोटो (photo)</u>

(क) **Image file format:** The image must be in the Joint Photographic Experts Group (JPEG) format with good quality.
(ख) **Image file size:** The maximum image file size is 200KB (kilobytes).
(ग) **Image resolution:** Image **<u>should not</u>** be crispy or blurry.

<u>प्रमाणपत्र (certificates) वा अन्य कागजात (document) को स्क्यानप्रति/फोटो</u>

(क) **File format:** JPEG वा PDF
(ख) **File size:** The maximum file size is 500 KB (kilobytes).
(ग) **Resolution:** **<u>Should not</u>** be crispy or blurry.

८. अनलाइन आवेदन फाराम भर्दा ध्यान दिनुपर्ने विषयहरू

(१) पेश गरेका विवरणहरू झुठो ठहरेमा त्यस्ता उम्मेदवारहरूको आवेदन फाराम रद्द गरिनेछ । झुठा विवरण पेश गरी परीक्षामा सम्मिलित भै भर्ना गरेको अवस्थामा समेत भर्ना रद्द गरी शैक्षिक कार्यक्रमबाट निष्काशन गरिनेछ । त्यस्ता उम्मेदवारहरूलाई प्रचलित ऐन कानून अनुसारको कार्यवाही समेत हुनेछ ।

(२) अनलाइन फाराम भर्नका लागि बैङ्कसँग सम्बन्धित विवरणहरू भर्नुपर्नेछ र सो विवरणहरू मिलेमामात्र मुख्य फाराम खुल्नेछ । अनलाइन फाराम र बैङ्क भौचरमा परीक्षार्थी स्वयमको एउटै मोबाइल नम्बर उल्लेख गरेको हुनुपर्नेछ ।सो मोबाइल नम्बरमा म्याचिङ तथा भर्ना सम्बन्धी जानकारी समेत पठाइने हुनाले पछिसम्म फरक नपर्नेगरी भर्नुपर्ने छ ।

९. अनलाइन आवेदन फाराम भर्ने र पेशगर्ने तरिका

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

(१) बैङ्कसँग सम्बन्धित विवरणहरू रुजू भएपछि अनलाइन फारामको मुख्य पेज खुल्नेछ । यो पेजमा आफूसँग सम्बन्धित विवरणहरू माग गरिए अनुसार भर्नुपर्नेछ । यो पेजमा फारामको सबैभन्दा माथि देखिएको कारोबार नम्बर (Transaction Number) सँग आफ्नो बैङ्क भौचरको कारोबार नम्बर (Transaction Number) मिलेको छ/छैन र सो नम्बर मिलेमा त्यसपछि माग गरिएका कागजात (document) हरू अपलोड गरी सही रूपमा विवरणहरू भर्नु पर्ने छ । माग गरिएका सबै विवरणहरू भरे पश्चात् स्वघोषणा (self-declaration statement) स्वीकार (accept) गर्नु पर्नेछ । सो नगर्दासम्म फाराम सुरक्षित (save) गर्न सकिनेछैन । फाराम सुरक्षित (save) गर्दा त्रुटि हुन आएमा, केही विवरणहरू भर्न छुटेको वा मागे अनुसारको विवरण नभएका ठाउँहरूमा रातो अक्षरले दर्शाएको हुन्छ । सो विवरणहरू सच्याई वा खुलाई माथिबाट पुनः सम्पूर्ण विवरणहरू रुजू गरी ध्यानपूर्वक फाराम भर्नुपर्नेछ ।

(२) आफ्ना सबै विवरणहरू भरिसकेर सुरक्षित (save) गरे पश्चात् अर्को पेजमा परीक्षार्थीले भरेको एकमुष्ट विवरण देखिनेछ । माथिबाट सम्पूर्ण विवरण सही भए/नभएको पुनः जाँच गरी सही नभएमा पेजको तल दिइएको संशोधन गर्ने बटन (**Edit** button) मा क्लिक (click) गरी सच्याउन सकिनेछ । आफूले भरेको विवरण ठीक भएमा पेश गर्ने बटन (**Submit** button) मा क्लिक गर्ने र सो बटन (button) क्लिक गरे पश्चात् सुनिश्चित गर्ने बक्स (confirmation box) आउँछ र आफूले भरेको विवरण सही भएमा ठीक बटन (**OK** button) मा क्लिक गर्नुपर्नेछ ।

(३) ठीक बटन (**OK** button) मा क्लिक गरिसकेर फाराम अनलाइन पेश भएपश्चात् इमेल ठेगाना, मोबाइल नम्बर लगायत कुनैपनि विवरण सच्याउन सकिने छैन ।

(४) आवेदन फारम अनलाइन पेश भए पश्चात् सुनिश्चित गर्ने पेज (confirmation page) देखिनेछ जसलाई छाप्न (print) तथा डाउनलोड (download) गर्न सकिन्छ । सुनिश्चित गर्ने पेज (confirmation page) भनेको परीक्षा प्रवेशपत्र (admit card) नभई अनलाइन फाराम (online form) भरेको प्रमाणमात्र हो ।

(५) अनलाइन फाराम पेश (submit) गर्नुअघि सच्याउने (edit) तथा (save) गर्ने प्राविधिक व्यवस्था गरिएको छ तर फाराम पेश गरिसकेपछि कुनै विवरण गलत हुन गएमा फाराम भर्न तोकिएको समयावधिभित्र नै पुनः अर्को भौचर मार्फत आवेदन शुल्क बैङ्क दाखिला वा डिजिटल प्रणाली मार्फत बुझाई नयाँ अनलाइन आवेदन फाराम भरी पेश गर्नु पर्नेछ । बैङ्क दाखिला भएको रकम कुनै पनि अवस्थामा फिर्ता हुने छैन ।

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

(६) आवेदन शुल्क बुझाएको भौचरमा कारोबार नम्बर (transaction number - TRN) अनिवार्य रूपमा उल्लेख भएको हुनुपर्नेछ । आवेदन फाराम भर्दा मोबाइल नम्बर अनिवार्यरूपमा प्रविष्ट गर्नुपर्ने भएको हुनाले भौचरमा **आवेदक स्वयमको मोबाइल नम्बर** प्रष्टरूपमा उल्लेख भएको हुनुपर्नेछ ।

१०. अध्ययन अनुमतिपत्र/पूर्वस्वीकृति (release letter) तथा सिफारिश पेश गर्नुपर्ने

(१) सरकारी समूहतर्फ आवेदन गर्ने उम्मेदवारहरूले सेवा सञ्चालन गर्ने नेपाल सरकारको मन्त्रालयबाट प्रदान गरिएको अध्ययन अनुमतिपत्र/पूर्वस्वीकृति पेश गर्नुपर्नेछ ।

(२) बिरामी, घाइते वा अपाङ्गता भएका व्यक्तिले आवश्यक अन्य सिफारिसको अतिरिक्त नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र प्राप्त चिकित्सकबाट निज उम्मेदवार सो विषय अध्ययन गर्न सक्षम भएको व्यहोरा सहितको सिफारिशपत्र अनलाइन आवेदन भर्दा नै पेश गर्नुपर्नेछ ।

११. प्रवेशपत्रसम्बन्धी व्यवस्था

प्रवेश परीक्षा हुने दिनभन्दा पाँचदिन अघिदेखि आफ्नो राष्ट्रियता, तह, शैक्षिक कार्यक्रम, मोबाइल नम्बर, जन्म मिति र भौचर नम्बर भरी आवेदकको प्रोफाइलमा लगइन गरी प्रवेशपत्र प्रिन्ट गर्ने बटन (**Print Admit Card button**) मा क्लिक (click) गरी प्रवेशपत्र डाउनलोड गरी प्रिन्ट गर्नुपर्नेछ । परीक्षार्थीले प्रवेशपत्रमा उल्लेखित सम्पूर्ण विवरणहरू राम्रोसँग अध्ययन गरी पालना गर्नुपर्नेछ ।

१२. प्रवेश परीक्षा सञ्चालनसम्बन्धी व्यवस्था

(१) प्रवेशपरीक्षा दिन आउँदा प्रवेशपत्र र आवेदन फाराम साथ पेश गरेको परिचयपत्र (नेपाली आवेदकको हकमा सक्कल नागरिकताको प्रमाणपत्र र विदेशी आवेदकको हकमा राहदानी) अनिवार्य रूपमा ल्याउनु पर्नेछ । उक्त परिचयपत्रहरूको फोटोकपीलाई मान्यता दिइने छैन । उल्लिखित कागजातहरू नल्याउने परीक्षार्थीलाई परीक्षामा सामेल गराइने छैन ।

(२) प्रत्येक परीक्षार्थीको आवश्यक सुरक्षा जाँच गरिने हुँदा परिक्षार्थीहरू परीक्षा शुरु हुनुभन्दा दुई घण्टा अगावै परीक्षा केन्द्रमा उपस्थित हुनुपर्नेछ । परीक्षार्थीको आवश्यक सुरक्षा जाँच परीक्षा केन्द्रभित्र प्रवेश गर्नुभन्दा अघि र पछि पनि गर्न सकिनेछ ।

(३) परीक्षार्थीको कान तथा चश्मा पनि जाँच गर्न सकिनेछ । पावर चश्मा बाहेक अन्य कुनै खालको चश्मा लगाउन पाइने छैन ।

☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

(४) परीक्षार्थीहरूले क्यालकुलेटर, पेजर, मोबाइल फोन, ब्लूटुथ, आइप्याड, ट्याबलेटका साथै अन्य कुनैपनि विद्युतीय उपकरण तथा ब्याग, वालेट, पर्स तथा घडी लगायतका कुनैपनि अन्य सामग्रीहरू परीक्षाकेन्द्रमा लैजान पाइने छैन । परीक्षार्थीले कुनैपनि गरगहनासमेत लगाउन पाइने छैन ।

(५) प्रवेशपरीक्षा शुरु भएको १५ मिनेटपछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन ।

(६) प्रवेश परीक्षा कम्प्युटर प्रणालीमा आधारित हुनेछ ।

(७) निर्धारित तीन घण्टा समय समाप्त भएपछि मात्र परीक्षार्थीलाई परीक्षा हलबाट बाहिर जान दिइनेछ ।

(८) नक्कली परीक्षार्थी खडागरी परीक्षा दिएमा वा दिन प्रयास गरिएमा त्यस्ता परीक्षार्थीको परीक्षा रद्द गरी परीक्षा दिने र दिन लगाउने दुवैलाई प्रचलित कानूनी कार्यवाही गरिनेछ ।

१३. नतिजा प्रकाशन, म्याचिङ तथा भर्ना प्रक्रिया

(१) प्रवेश परीक्षाको नतिजा सरकारी, खुला तथा विदेशी समूहको अलग अलग योग्यता कायम गरी नतिजा प्रकाशित गरिनेछ ।

(२) प्रवेश परीक्षाको नतिजाको जुन समुहको योग्यताक्रममा रहेको सोही समूहका लागि छुट्याइएको सिटमामात्र म्याचिङमा सहभागी हुन पाइनेछ ।

(३) प्रवेश परीक्षामा सफल भई छनौट भएका परीक्षार्थीहरूले भर्नाका लागि विश्वविद्यालय/प्रतिष्ठानले तोकेबमोजिम सक्कलै प्रमाणपत्र/कागजात र सोको फोटोकपी पेश गर्नुपर्नेछ ।

(४) कुनै उम्मेदवारले प्रवेश परीक्षा र भर्ना प्रकृयामा झुठो विवरण पेश गरी भर्ना भएको रहेछ भने कुनै पनि समयमा भर्ना खारेज हुनेछ ।

(५) कुनै पनि शैक्षिक कार्यक्रममा विदेशी विद्यार्थीका लागि छुट्याइएको सिट रिक्त हुन गएमा सो रिक्त सिटलाई खुला तर्फका सिटमा परिणत गरिनेछ ।

(६) म्याचिङसम्बन्धी विस्तृत सूचना पछि प्रकाशित गरिनेछ ।

१४. कबुलियतनामा

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १८ को उपदफा (३) को व्यवस्था अनुसार सरकारी शिक्षण संस्थामा सञ्चालन हुने चिकित्सा क्षेत्रको स्नातकोत्तर तहमा नेपाली विद्यार्थीका लागि निःशुल्क हुने व्यवस्था भएको हुनाले सरकारी शैक्षिक संस्थामा मनोनयन हुने नेपाली

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)
☎ ०१-६६३९४१६, ६६३८९०४
६६३९४१३, ६६३९४१४, ६६३९४१५
वेबसाईट : www.mec.gov.np
ईमेल: info@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

विद्यार्थीले भर्नाका बखत राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ (संशोधनसमेत) को अनुसूची - ६ बमोजिमको कबुलियतनामा गर्नुपर्ने छ ।

१५. विविध

(१) प्रवेश परीक्षामा आवेदन दिनका लागि बनाइएको परीक्षार्थीको व्यक्तिगत प्रोफाइलमा पटकपटक लगइन (log-in) गरी उपयोग गर्नुपर्ने भएको हुनाले लगइन गर्ने सम्पूर्ण विवरणहरू (मोबाइल नम्बर, जन्म मिति, भौचर नम्बर) गोप्य र सुरक्षित राख्नु पर्नेछ ।

(२) प्रवेश परीक्षामा आवेदनको आफ्नो प्रोफाइलबाट परीक्षा आवेदन कन्फर्मेसन पेज, प्रवेशपत्र, स्कोरकार्ड, भर्ना कार्ड लगायतका विवरणहरू प्रोफाइलको डाउनलोड बटनमा क्लिक गरी (उपलब्ध भएपछि) डाउनलोड गरी सुरक्षित राख्नुपर्ने हुन्छ ।

(३) परीक्षा निर्देशनालयमा निवेदन वा पत्राचार वा इमेल आदानप्रदान गर्दा परीक्षा रोलनम्बर कायम नहुँदासम्म आवेदन शुल्क तिरेको भौचरको अन्तिम छ अङ्क र परीक्षा रोलनम्बर कायम भएपछि रोलनम्बर लगायतका परीक्षार्थी पहिचानका व्यक्तिगत विवरणहरू अनिवार्यरूपमा उल्लेख गर्नुपर्नेछ । एउटै विषयमा पटक पटक इमेल लेख्नु परेमा पहिलाकै इमेल थ्रेडमा रिप्लाइ वा फर्वार्ड गरी लेख्नु पर्नेछ । यस निर्देशनालयसँग सम्बन्धित इमेलमा पत्राचार गर्दा **entrance@mec.gov.np** मा गर्नुपर्नेछ ।

(४) परीक्षा आवेदन फाराम भर्नका लागि आयोगले सञ्चालनमा ल्याएको वेबपोर्टल https://entrance.mec.gov.np:81/ लगइन गर्नका लागि मोबाइलको क्युआर कोड स्क्यानर (QR code scanner) बाट देहायको क्युआर कोड स्क्यान गरेर पनि वेबपोर्टलमा प्रवेश गर्न सकिनेछ ।

Email ID for any technical assistance: entrance@mec.gov.np

परीक्षा निर्देशनालय
चिकित्सा शिक्षा आयोग